**2020 विधान परिषदको आम निर्वाचन**

## निर्वाचनको संक्षेप

### मतदानको मिति र समय

- मतदान दिन: 6 सेप्टेम्बर 2020 (आईतबार)
- मतदान अवधि: बिहान 7:30 देखि रातीको 10:30 सम्म (तोकिएका जेलका मतदान केन्द्रहरु बाहेक, जहाँ मतदानको समय बिहान 9:00 बजे देखि दिउँसो 4:00 बजेसम्म हुनेछ ।)

### नामांकन अवधि

- उम्मेदवारको लागि नामांकन अवधि: 18 देखि 31 जुलाई 2020
- नामांकन फारमहरु दर्ता तथा निर्वाचन कार्यालय ("REO") को वेबसाइट (www.reo.gov.hk) बाट डाउनलोड गर्न सकिन्छ वा निम्न कार्यालयहरूबाट प्राप्त गर्न सकिन्छ :
  (a) जिल्ला कार्यालयहरु
  (b) रिटर्निङ अफिसरहरुको(निर्वाचन अधिकारी) कार्यालय
  (c) REO को कार्यालयहरु (10/F, Harbour Centre, 25 Harbour Road, Wan Chai, Hong Kong or Unit 2301-03, 23/F, Millennium City 6, 392 Kwun Tong Road, Kwun Tong, Kowloon)

## विधान परिषदको संक्षेप

### विधान परिषदको संरचना

- सातौं विधान परिषद(2020-2024)मा 70 जना सदस्यहरु हुन्छन् ,प्रत्यक्ष निर्वाचन मार्फत 35 जना

भौगोलिक निर्वाचन क्षेत्रबाट र अर्को 35 कार्याम्तक (फङ्सनल)निर्वाचन क्षेत्रहरुबाट हुनेछ ।

- 1 अक्टोबर 2020 देखि सुरु हुने कार्यालयको कार्य अवधि चार वर्षको लागि हुनेछ ।

**भौगोलिक निर्वाचन क्षेत्रहरु ("GC") – 35 सीटहरु**

| | |
|---|---|
| (1) हङकङ आइलेन्ड | 6 सीट |
| (2) काउलुन वेस्ट | 6 सीट |
| (3) काउलुन ईस्ट | 5 सीट |
| (4) न्यू टेरिटोरिज वेस्ट | 9 सीट |
| (5) न्यू टेरिटोरिज ईस्ट | 9 सीट |

*मतदान प्रणाली: समानुपातिक प्रतिनिधित्वको सूची प्रणाली*

**कार्यात्मक (फङ्सनल)निर्वाचन क्षेत्रहरु ("FC") – 35 सीटहरु**

| | |
|---|---|
| (1) हियोङ यि कुक * | 1 सीट |
| (2) कृषि तथा मत्स्यपालन * | 1 सीट |
| (3) बीमा * | 1 सीट |
| (4) यातायात * | 1 सीट |
| (5) शिक्षा | 1 सीट |
| (6) कानूनी | 1 सीट |
| (7) लेखा | 1 सीट |
| (8) चिकित्सा | 1 सीट |
| (9) स्वास्थ्य सेवाहरु | 1 सीट |
| (10) ईन्जिनियरिङ | 1 सीट |

(11) आर्किटेक्चरल(वास्तुकला),

| | |
|---|---|
| सर्वेक्षण, योजना र भौगोलिक बनावट | 1 सीट |
| (12) श्रम | 3 सीट |
| (13) सामाजिक कल्याण | 1 सीट |
| (14) घर जग्गा तथा निर्माण | 1 सीट |
| (15) पर्यटन | 1 सीट |
| (16) व्यावसायिक (प्रथम) | 1 सीट |
| (17) व्यावसायिक (दोस्रो) | 1 सीट |
| (18) औद्योगिक (प्रथम) | 1 सीट |
| (19) औद्योगिक (दोस्रो) | 1 सीट |
| (20) आर्थिक | 1 सीट |
| (21) वित्तीय सेवाहरू | 1 सीट |
| (22) खेलकुद,कला प्रर्दशन, संस्कृति तथा प्रकाशन | 1 सीट |
| (23) आयात तथा निर्यात | 1 सीट |
| (24) टेक्सटाइल तथा गार्मेन्ट(कपडा) | 1 सीट |
| (25) थोक तथा खुद्रा | 1 सीट |
| (26) सूचना प्रविधि | 1 सीट |
| (27) खानपान | 1 सीट |
| (28) जिल्ला परिषद (प्रथम) | 1 सीट |
| (29) जिल्ला परिषद (दोस्रो) | 5 सीट |

*तीन मतदान प्रणालीहरु: (a) पहिलो चार विशेष चिह्नित FCs को मतदान हटाउने प्रणालीलाई प्राथमिकता *; (b) जिल्ला परिषद (दोस्रो) FC को समानुपातिक प्रतिनिधित्वको सूची प्रणाली; र (c) बाँकी 24 साधारण FC को लागि द-फस्ट-पास्ट- द-पोष्ट मतदान प्रणाली।*

**1- व्यक्ति -2- मतहरु**

- प्रत्येक मतदातासँग भौगोलिक निर्वाचन क्षेत्रको लागि एक मत र कार्याम्तक (फङ्सनल)निर्वाचन क्षेत्रको लागि एक मत हुनेछ ।
- 28 परम्परागत कार्याम्तक (फङ्सनल)निर्वाचन क्षेत्रमा दर्ता नभएका सबै भौगोलिक निर्वाचन क्षेत्रका मतदाताहरु जिल्ला परिषद (दोस्रो) FC मा दर्ता गर्न योग्य छन् ।

**कसले मत हाल्न सक्छन् ?**

- अन्तिम मतदाता नामवली 2020मा नाम दर्ता हुने मतदाताहरुले चुनावमा मतदान गर्न सक्नेछन् । www.voterregistration.gov.hk/eng/statistic2020.html

**मत किन हाल्ने ?**

- सम्बन्धित भौगोलिक निर्वाचन क्षेत्र र वा कार्याम्तक (फङ्सनल)निर्वाचन क्षेत्रहरुको विधान परिषद सदस्य
- तपाईको नागरिक अधिकार प्रयोग गर्न र नागरिक उत्तरदायित्वहरू पुरा गर्न ।

**मतदान कहाँ गर्ने?**

- व्यावहारिक रुपमा अन्तिम मतदाता नामवलीमा दर्ता भएका हरेक मतदाता वा नियुक्त प्रतिनिधिलाई (अथोराइज रिप्रिजेन्टिभ)("AR") उस/उनको आवासीय ठेगानाको नजिक एक नामित मतदान केन्द्र नियुक्त गरिनेछ ।
- हिरासतमा रहेका मतदाताहरुलाई उपयुक्त भए अनुसार दंडित संस्थानहरु या पुलिस स्टेशनहरुमा मतदान गर्ने व्यवस्था मिलाईनेछ ।
- सम्बन्धित मतदाता वा AR लाई मतदान दिनको लगभग 10 दिन अगाडी एक मतदान कार्ड जारी गरिनेछ जसमा हरेक एक मतदाता वा AR लाई उसको नामित केन्द्र बारे जानकारी दर्शाईएको हुनेछ ।

- एक मतदाता वा AR लाई निर्धारित गरेको मतदान केन्द्र विशेष आवश्यकता भएमा व्यक्ति (व्हीलचेयर प्रयोगकर्ता वा हिडडुल गर्नमा कठिनाई भएका व्यक्ति) को लागि सुलभ छ या छैन भनि मतदान कार्डसँगै भएको स्थानको नक्सामा निर्दिष्ट गरिनेछ। यदि निर्धारित मतदान केन्द्र सुलभ नभएमा ,यी मतदाता वा ARsले व्हीलचेयर प्रयोगकर्ताको लागि सुलभ भएको निर्धारित विशेष मतदान केन्द्रमा मतदान दिनको लागि REO लाई फ्याक्स मार्फत (2891 1180), ईमेल मार्फत (reoenq@reo.gov.hk), टेलिफोन मार्फत (2891 1001), वा पत्राचार मार्फत 10/F, Harbour Centre, 25 Harbour Road, Wan Chai, Hong Kong मा 1 सेप्टेम्बर 2020 भन्दा अगाडी आवेदन दिन सक्छन्।
- यदि मतदाताहरुलाई मतदानको जानकारी बारे अनुवाद सेवाको सहयोग आवश्यक परेमा , उनीहरुले अल्पसंख्यक जातीयहरुको केन्द्र लाई निम्न हटलाइन मार्फत 24 देखि 28 अगष्ट र 31 अगष्ट देखि 6 सेप्टेम्बर 2020 सम्ममा सम्पर्क गर्न सक्छन्।

| भाषा | हटलाईन नं |
|---|---|
| बहासा ईन्डोनेशिया | 3755 6811 |
| हिन्दी | 3755 6877 |
| नेपाली | 3755 6822 |
| पन्जाबी | 3755 6844 |
| तागालग | 3755 6855 |
| थाई | 3755 6866 |
| उर्दू | 3755 6833 |
| भियतनामी | 3755 6888 |

**मतदान कसरी गर्ने?**

- 6 सेप्टेम्बर 2020 (आईतबार) मतदान समय अवधि (7:30 a.m. देखि 10:30 p.m.)भित्र तोकिएको मतदान केन्द्रमा तपाईको सक्कल हङकङ परिचय पत्र ("HKID") वा अन्य तोकिएको वैकल्पिक कागजात(हरु) (कृपया मतदान पत्र संकलन गर्दा चाहिने कागजात(हरु) को विवरणको बारे तलको भागमा हेर्नुहोस्) लिएर आउनुहोस् ।
- मतदान केन्द्र भित्र रहेका मतदान कर्मचारीलाई तपाईको सक्कल HKID कार्ड वा अन्य तोकिएको वैकल्पिक कागजात(हरु)देखाउनुहोस् जसले तपाईको जानकारी अन्तिम मतदाता नामवली अनुसार प्रमाणित गर्नेछ ।

- तपाईको अधिकार अनुसार ,तपाईलाई एउटा मतपत्र दिइनेछ र एक कार्डबोर्डसँगै "✓"(टिक) चिन्ह भएको चप पनि दिईनेछ । मतदान अधिकारीले GC र जिल्ला परिषद(दोस्रो) FC मतपत्रहरु अग्रिम दोबारिएको हुन्छ । मतदाता वा चार विशेष FCs (भन्नाले हियोङ यि कुक FC,कृषि तथा मत्स्यपालन FC, बीमा FC र यातायात FC)को AR लाई कालो कलम उपलब्ध गरिन्छ । त्यसपछि ,तपाई तुरुन्तै एउटा मतकक्षमा जानुपर्दछ ।
- मतकक्ष भित्र तपाईले मतपत्रमा चिन्ह लगाउनु पर्छ । कृपया मतदान कर्मचारीले दिएको निर्देशनहरू साथै मतकक्ष भित्र राखिएका सूचनाहरु र मतपत्रमा छापिएका निर्देशनहरू पालना गर्नुहोस् ।

- तपाईले(मतदाताहरु वा चार विशेष FCsको ARsबाहेक) मतपत्रमा आफ्नो रोजाईको उम्मेदवार(हरु) को नामको विपरितको गोलो घेरा भित्र चिन्ह लगाउन कार्डबोर्डसँगै भएको "✓"(टिक) चिन्ह भएको चपको प्रयोग अनिवार्य रूपमा गर्नुपर्छ ।

- मतदाताहरु वा चार विशेष FCsको ARsले, कृपया तपाईलाई दिईएको कालो कलमले तपाईले रुचाएको प्रथम उम्मेद्ववारको नामको विपरित गोलो घेरामा अरबी अंक "1" चिन्ह लगाउनुहोस् र तपाईले रुचाएको दोस्रो उम्मेद्ववारको नामको विपरित गोलो घेरामा अरबी अंक "2"चिन्ह लगाउनुहोस् र क्रमश

। तपाईले एक उम्मेदवारलाई मात्र पहिलो प्राथमिकताको चिन्ह लगाउन सक्नुहुन्छ ।

- यदि तपाईले मतपत्रमा चप लगाउँदा कतै गल्ती भएमा वा जानी-जानी मतपत्र बिगारेमा, तपाईले निर्वाचन अधिकारीलाई सो फिर्ता दिई अर्को माग्न सक्नु हुनेछ ।
- मतपत्रमा चिन्ह लगाईसकेपछि:

(a) मतदान कर्मचारीले पूर्व दोबारे अनुसार GC मतदातले मतपत्रलाई नीलो मतपेटिकामा खसाल्नु अघि चिन्हित भाग "✓" चिन्ह भित्र पटि छोपिने गरी एक पटक दोबार्नु पर्ने हुन्छ;

(b) जिल्ला परिषद (दोस्रो)FC मतदाताले त्यसैगरी मतपत्रलाई एक पटक दोबार्नु पर्दछ र सेतो मतपेटिकामा खसाल्नु पर्दछ; र

(c) मतदाता वा अन्य FCs को AR हरुले मतपत्रलाई दोर्बानु हुँदैन,तर त्यसलाई पल्टाएर तल राख्नुपर्दछ र रातो मतपेटिकामा लगाउनुपर्दछ ।

**मतपत्र संकलन गर्दा चाहिने कागजात** (हरू)

- 10 डिसेम्बर 2018 देखि मतपत्र को लागि आवेदन दिने व्यक्तिले आफ्नो हङकङ परिचय पत्र ("HKID कार्ड") या निम्नलिखित निर्दिष्ट वैकल्पिक कागजात(हरु)को सक्कल प्रस्तुत गर्नु जरुरी छ:

(a) हङकङ विशेष प्रशासनिक क्षेत्र ("HKSAR") वैध पासपोर्ट को सक्कल ; वा

(b) छूटको प्रमाणपत्र को सक्कल; वा

(c) HKID कार्डको आवेदन स्वीकृतिको सक्कल; वा

(d) समुद्री कर्मचारीको(सीमेन) वैध परिचय पुस्तिकाको सक्कल; वा

(e) भिषा उद्देश्यहरुका निम्ति व्यक्तिको परिचय खुलाउने वैध कागजातको सक्कल ; वा

(f) एक प्रहरी अधिकारीले उत्त व्यक्तिको HKID कार्ड हराएको वा नष्ट भएको कागजी प्रमाणको रिपोर्ट जारी गरेको (साधारणतया हराएका सम्पत्तिको एक रेकर्ड") या छूटको प्रमाणपत्र वा HKID कार्डको आवेदन प्राप्त गरेको सूचनाको प्रमाणको साथ, उसको नाम र फोटो देखाउने एक

वैध पासपोर्ट वा यस्तै प्रकारको यात्रा कागजातको सक्कल (जस्तै कि HKSAR पासपोर्ट बाहेक अन्य पासपोर्ट वा होम रिटर्न पर्मिट)।

- विवरणहरुका लागि, कृपया निर्वाचन मामिला आयोगको (चुनावी प्रक्रिया) (विधान परिषद) अधिनियम (क्याप 541D ) को धारा 50 बाट संदर्भ लिनुहोस्।

**मतदाताहरूको लागि चेकलिस्ट**

- भ्रष्टचार विरुद्ध स्वतन्त्र आयोगले ("ICAC")(इन्डिपेन्डेन्ट कमिशन अगेन्सट् करप्सन)लागू गरेको निर्वाचन (भ्रष्टचार तथा अवैध आचरण) अध्यादेश (क्याप 554)अनुसार, हङकङ भित्र वा बाहिर मतदाताले निम्न कार्य गर्न मनाही छ:

  (a) चुनावमा मतदान नगराउन, वा कुनै विशेष उम्मेदवारको लागि मतदान गर्न या मतदान नगर्नका लागि कुनै व्यक्तिद्वारा कुनैपनि प्रकारको लाभ (पैसा, उपहार, आदि सहित),भोजन, पेय या मनोरञ्जनको आग्रह स्वीकार गर्नु वा गराउनु।

  (b) कुनैपनि चुनावमा मतदान दिन, या कुनै विशेष उम्मेदवारको लागि मतदान दिन वा नदिनका लागि कुनैपनि व्यक्तिलाई (पैसा,उपहार आदि सहित) लाभ, भोजन, पेय या मनोरंजन प्रदान गर्नु।

  (c) कुनै चुनावमा मत दिने या नदिने या कुनै विशेष उम्मेदवारलाई मत दिन या नदिनका लागि कुनै व्यत्तिको विरुद्ध बल या अवरोधको प्रयोग गर्नु या धम्की दिनु।

  (d) कुनै व्यक्तिलाई धोका दिई कुनै चुनावमा मत दिने या नदिने या कुनै विशेष उम्मेदवारलाई मत दिन या नदिन लगाउनु, वा मतदान नदिन लगाउनु, वा कुनै व्यत्तिलाई धोका दिई मतदानमा मतदान दिनबाट रोक्नु वा बाधा खडा गर्नु।

  (e) मतदानको हकदार नभएको थाहा भई पनि जानी-जानी चुनावमा मतदान गर्नु।

  (f) जानबूझि या लापरवाहीसँग गलत या भ्रामक जानकारी(उदाहरणः गलत आवासीय ठेगाना) निर्वाचन अधिकारीलाई दिई चुनावमा मतदान गर्नु।

- ICAC ले क्लिन इलेक्सन वेबसाइट तयार पारेको छ र प्रासंगिक   जानकारी(अंग्रजी र चिनियँा दुबैमा ) उपलब्ध गर्दछ ।कृपया मा www.icac.org.hk/elections जानुहोस् ।
- निम्न क्रियाकलाबहरु गर्न पनि मनाही छ:

(a) मतदान केन्द्र भित्र अन्य मतदाताहरुसँग कुराकानी गर्न मोबाईल फोनको प्रयोग गर्नु वा आफ्नो मतपत्रको मत अरुलाई देखाउनु वा इलेक्ट्रोनिक संचारको लागि अरु कुनै उपकरणहरु प्रयोग गर्नु जस्ता पर्दछन् ।

(b) मतदान केन्द्र भित्र फिल्म, तस्बिर लिन वा कुनै अडियो वा भिडियो रेकर्ड गर्न मनाही छ ।

(c) अन्य मतदाताहरुलाई आफ्नो मतपत्रमा चिन्ह लगाउन दिनु । यदि आवश्यक भएमा,तपाईले निर्वाचन अधिकारीलाई अनुरोध गरी मतदान अधिकारीको उपस्थितिमा आफ्नो मतपत्रमा चिन्ह लागाउन दिन सक्नुहुन्छ ।

(d) मतदान दिने अन्य मतदाताहरुलाई हस्तक्षेप गर्न ।